गण्डकी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# कृषि ज्ञान केन्द्र, पर्वत

कुश्मा, नेपाल

गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, पर्वत
कुश्मा, नेपाल

## आवेदन पेश गर्ने सम्बन्धी सूचना

मितिः २०८२/०५/२०

कृषि ज्ञान केन्द्र, पर्वतको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कार्यक्रम संचालन गर्न इच्छुक पर्वत जिल्ला भित्रका विभिन्न कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले मिति २०८२/०६/२४ गते भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपशिल बमोजिमका आवश्यक कागजातहरुका साथ यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

<u>तपशिलः</u>

| क्र.सं. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | कार्यक्रमको लक्ष्य | बजेट (रु.लाखमा) | मापदण्ड (आवेदकले पालना गर्नुपर्ने नियमहरु) |
|---|---|---|---|---|---|
| क | कृषि फर्म/कम्पनी, कृषक समूह/सहकारी संस्थाहरुको लागि | | | | |
| १. | रैथाने तथा स्थानीय बाली विकास कार्यक्रम | ५०-९० | ४ पटक/संख्या | २० | कृषि समूह/सहकारीको हकमा प्रतिबाली न्यूनतम ३० रोपनी र कृषि फर्म/कम्पनीको हकमा न्यूनतम १० रोपनी क्षेत्रफलमा एकै क्लष्टरमा खेती गर्नुपर्नेछ। |
| २. | फलफूल बगैंचा स्थापना तथा विस्तार कार्यक्रम | | १० हेक्टर | १५ | कृषि फर्म/कम्पनीको हकमा न्यूनतम ३ रोपनी र समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भै न्यूनतम ३० रोपनी क्षेत्रफलमा नयाँ फलफूल बगैंचा स्थापना गर्नुपर्नेछ। |
| ३. | फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढीकरण सहयोग कार्यक्रम | | १५ हेक्टर | ९ | कृषि फर्मको हकमा न्यूनतम ३ रोपनी र समूह/ सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भै न्यूनतम ३० रोपनी क्षेत्रफलमा फलफूल बगैंचा हुनुपर्नेछ। |
| ४. | आत्मनिर्भरताको लागि बीउ उत्पादन प्रवर्धन कार्यक्रम | | ८ हेक्टर | १२ | खाद्यान्नवालीको लागि समूह/सहकारीको हकमा न्यूनतम २० रोपनी र कृषि फर्मको हकमा ५ रोपनी; दलहन, तेलहन वालीको लागि समूह/सहकारीको हकमा न्यूनतम १५ रोपनी र कृषि फर्मको हकमा ५ रोपनी; तरकारी वालीको लागि समूह/सहकारीको हकमा न्यूनतम १० रोपनी र कृषि फर्मको हकमा २ रोपनी क्षेत्रफलमा बीउ उत्पादन गर्नुपर्नेछ। |
| ५. | व्यावसायिक तरकारी खेती सहयोग कार्यक्रम | ५० | १ पटक | २५ | कृषि फर्म/कम्पनीले खुल्ला जमिनमा २ रोपनी क्षेत्रफलमा वा संरक्षित संरचना भित्र १४० वर्ग मिटर क्षेत्रफल र कृषि समूह/सहकारीले खुल्ला जमिनमा १० रोपनी क्षेत्रफल वा संरक्षित संरचना भित्र १००० वर्ग मिटर क्षेत्रफलमा मौसमी/वेमौसमी तरकारी खेती गर्नुपर्नेछ। |
| ६. | सुन्तलाजात फलफूल बगैंचा सुदृढिकरण कार्यक्रम | ५०-९० | ५२ हेक्टर | ३१.२ | व्यक्तिगत कृषि फर्मको हकमा न्यूनतम ३ रोपनी र समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भै न्यूनतम ३० रोपनी क्षेत्रफलमा सुन्तलाजात फलफूल बगैंचा हुनुपर्नेछ। |
| ७. | सुन्तलाजात फलफूल बगैंचा स्थापना तथा विस्तार कार्यक्रम | | ५ हेक्टर | ७.५ | कृषि फर्म/कम्पनीको हकमा न्यूनतम ३ रोपनी र समूह/सहकारीको हकमा कम्तीमा १० घरधुरी संलग्न भै न्यूनतम ३० रोपनी क्षेत्रफलमा नयाँ सुन्तलाजात फलफूल बगैंचा स्थापना गर्नुपर्नेछ। |
| ८. | समुदायस्तरमा खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रम | ५०-९० | ३१ हेक्टर | ४०.३ | कृषक समूह/सहकारी संस्था मार्फत समुदायस्तरमा कम्तीमा १० घरपरिवार संलग्न भई न्यूनतम ३० रोपनी क्षेत्रफलमा तथा कृषि फर्म/कम्पनीको हकमा न्यूनतम २० रोपनी क्षेत्रफलमा एकै क्लष्टरमा आलु खेती गर्नुपर्नेछ। |
| ९. | तरकारी बीउ उत्पादनका आधारमा प्रोत्साहन सहयोग कार्यक्रम | मापदण्ड अनुसार | १५०००० के.जी. | १५ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशबाट स्वीकृत मापदण्ड/कार्यविधि अनुसार हुनेछ। |

क्रमशः

परशुराम अधिकारी
प्रमुख

| क्र.सं. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | कार्यक्रमको लक्ष्य | बजेट (रु.लाखमा) | शर्तहरु (आवेदकले पालना गर्नुपर्ने नियमहरु) |
|---|---|---|---|---|---|
| १०. | फलफूल नर्सरी स्थापना तथा संचालन कार्यक्रम | ५० | २ संख्या | १० | जाली घर भित्र कम्तीमा १ रोपनी र खुल्लामा कम्तीमा २ रोपनी क्षेत्रफलमा नर्सरी स्थापना गर्नुपर्नेछ। |
| ११. | लोकमार्ग/कोरिडोर केन्द्रित कृषि उत्पादन तथा प्रवर्धन कार्यक्रम | ५०-९० | १ पटक | २० | मध्यपहाडी लोकमार्ग (मोदी, कुश्मा) र कालीगण्डकी कोरिडोर (फलेवास, विहादी र जलजला) सँग जोडिएका स्थानीय तहका कृषि फर्म/कम्पनी, कृषि समूह/सहकारी मार्फत मापदण्डमा तोकिए बमोजिम कार्यक्रम संचालन हुनेछ। |
| १२. | ग्रामीण कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम | ५०-९० | २ संख्या | १० | होमस्टे, फार्मस्टे, रैथाने कृषि उपज प्रवर्द्धन गर्ने होटल, सामुदायिक पाहुना घर रहेको वडाका कृषि फर्म/कम्पनीको हकमा तरकारी/रैथानेबाली/मसला तथा निर्यातजन्य बालीमा ५ रोपनी तथा संरक्षित संरचना भित्र तरकारी १४० वर्ग मी.; फलफूल बालीमा १० रोपनी र कृषि समूह/सहकारीको हकमा ऐ. बालीहरुमा क्रमशः २० रोपनी, १००० वर्ग मी. तथा ३० रोपनीमा खेती गर्नुपर्नेछ। |
| १३. | कृषि उद्यम विकास कार्यक्रम | ५० | ७ संख्या | ३५ | कृषि उपजको ग्रेडिङ, प्याकेजिङ र लेबलिङ जस्ता मूल्य अभिवृद्दि गर्ने कृयाकलापहरु मापदण्डमा तोकिए बमोजिम गर्नुपर्नेछ। |
| १४. | निर्यातजन्य कृषि वस्तु प्रवर्द्धन कार्यक्रम | ५०-९० | ४ पटक | २० | निर्यातजन्य कृषि वस्तु जस्तैः कफी, अलैंची, अदुवा, बेसार, चिया, मह र अकबरे खुर्सानी मध्ये कुनै एक बालीको मापदण्डमा तोकिए बमोजिमको क्षेत्र विस्तार तथा उत्पादन प्रवर्द्धन एवं बजारीकरण सम्बन्धी कृयाकलापहरु गर्नुपर्नेछ। |
| १५. | उत्कृष्ट कृषकलाई पुरस्कृत गर्ने | मापदण्ड अनुसार | १ पटक | ०.७५ | उत्कृष्ट कृषि पुरस्कार सम्बन्धी मापदण्ड, २०७९ बमोजिम कृषक, कृषि फर्म/कम्पनी, कृषक समूह/सहकारी संस्थाले आवेदन पेश गर्न सक्नेछन्। |
| ख | कृषिसँग सम्बन्धित कृषक समूह/सहकारीको लागि मात्र | | | | |
| १. | खाद्यान्नबाली उत्पादन प्रवर्धन कार्यक्रम | ५०-९० | १७ हेक्टर | १७ | कृषक समूह/सहकारी मार्फत कम्तीमा १० घरधुरी संलग्न भै प्रतिबाली न्यूनतम १०० रोपनी क्षेत्रफलमा खेती गर्नुपर्नेछ। |
| २. | ग्रामीण पोषण सुरक्षण कार्यक्रम | ९० | ३ संख्या | १५ | खाद्य तथा पोषण सुरक्षाका दृष्टिले तुलनात्मक रुपमा बढी संवेदनशील क्षेत्रका कृषक समूह/सहकारी मार्फत मापदण्डमा तोकिए बमोजिम कार्यक्रम संचालन हुनेछ। |
| ३. | जलवायुमैत्री कृषि प्रविधि प्रवर्द्धन कार्यक्रम | ५०-९० | २ पटक | १० | प्रति क्लष्टर १० देखि २५ घरधुरी लाभान्वित हुने गरी जलवायुजन्य जोखिमका दृष्टिले तुलनात्मक रुपमा बढी संवेदनशील क्षेत्र/क्लष्टरमा कृषि समूह/सहकारी मार्फत मापदण्डमा तोकिए बमोजिम कार्यक्रम संचालन हुनेछ। |

परशुराम अधिकारी
प्रमुख

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

१. रु. १० को हुलाक टिकट टाँस गरी निर्दिष्ट ढाँचामा प्रस्ताव सहितको निवेदन।
२. सोही प्रकृतिको कार्यक्रमका लागि अघिल्लो २ आ.व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र ।
३. सम्बन्धित स्थानीय तहको वडा कार्यालय वा कृषि शाखाको सिफारिस (कार्यक्रमको दोहोरोपन नभएको तथा नहुने व्यहोरा उल्लेख भएको)।
४. खेती विस्तार हुने जग्गाको जग्गाधनी पूर्जा वा करार सम्झौताको प्रतिलिपि (करार सम्झौता खेती प्रयोजनका लागि न्यूनतम १० वर्ष र स्थायी संरचना निर्माणको लागि न्यूनतम १५ वर्ष अवधिको हुनुपर्नेछ) ।
५. कृषि फर्म, कृषक समूह/ सहकारी र साझेदारी कम्पनीको हकमा कार्यसमितीको बैठकको निर्णय प्रतिलिपि, संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि, PAN/VAT दर्ता प्रतिलिपि, कर चुक्ता प्रमाणपत्र एवं अडिट रिपोर्टको प्रतिलिपि।
६. व्यक्तिगत कृषकको हकमा नागरिकताको प्रतिलिपि।

*पुनश्च : माथि उल्लिखित कार्यक्रमहरु गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वियन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश सरकारको कार्यक्रम संचालन सम्बन्धि स्वीकृत/संसोधित मापदण्डमा भएका व्यवस्था अनुसार मात्र संचालन हुनेछ। साथै उल्लिखित मिति भित्र आवश्यक कागजात र प्रक्रिया नपुगेका आवेदनहरु माथि कुनै पनि प्रकृया अघि बढ्ने छैन।*

थप जानकारीको लागिः ०६७-४२०१३० मा सम्पर्क गर्न सकिने छ ।